# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३५३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७६/०७७

च.न.: २०६९

मिति:-२०७७|०२|१६

बिषय:- प्रेश बिज्ञप्ति |

भरतपुर अस्पताल को मिति २०७७|०२|१६ को कोभिड १९ को सम्बन्धमा जारि प्रेश बिज्ञप्ति अनुसार देवचुली नगरपालिका वडा नम्बर १५ बस्ने बर्ष २१ का पुरुष तथा देवचुली नगरपालिका वडा नम्बर ११ बस्ने बर्ष १९ का पुरुष मा कोरोना संक्रमण पुष्टि भई सकेको छ | उहाँहरु मध्ये २१ बर्षका पुरुष भारतको गाजीपुर बाट मिति २०७७|०२|०७ गते सुनौली नाकामा रहेको क्वारेन्टाइनमा २ दिन बसी २०७७|०२|०९ गते एम्बुलेन्समा आई २०७७|०२|०९ गते साझ बाट देवचुली नगरपालिका आई पुगी तत्काल वडा नं १४ मा रहेको जनज्योति नमुना मा वि को क्वारेन्टाइनमा बस्नु भएको थियो भने अर्का देवचुली नगरपालिका वडा नम्बर ११ बस्ने बर्ष १९ का पुरुष भारतको महाराष्ट्र चित्लुंग बाट मिति २०७७|०२|०२ गते सुनौली नाकामा रहेको क्वारेन्टाइनमा १० दिन बसी २०७७|०२|१२ गते टिप्पर बाट आई २०७७|०२|१२ गते दिउसो बाट देवचुली नगरपालिका आई पुगी तत्काल वडा नं १४ मा रहेको जनज्योति नमुना मा वि को क्वारेन्टाइनमा बस्नु भएको थियो | उहाँहरु लाई मिति २०७७|०२|१६ गते बिहान ७ बजे मध्यबिन्दु जिल्ला अस्पाताल कावासोतीको Isolation ward मा भर्ना गरिएको छ र हाल निजहरुको स्वास्थ्य अवस्था सामान्य रहेको छ | निज व्यक्तिहरु क्वारेन्टाइन मा बस्दा कोहि कसैको सम्पर्कमा नरहेको तथा देवचुली नगरपालिकामा आफन्त तथा अन्य व्यक्तिहरु संग सम्पर्कमा नरहेको व्यहोरा अनुरोध गरिन्छ | साथै सोहि क्वारेन्टाइनमा रहेका अन्य २५ जनाको मिति २०७७|०२|१५ गते स्वाब (PCR) संकलन गरिएको मा अन्य २४ जनाको रिपोर्ट आउन बाकि रहेको छ | देवचुली नगरपालिकामा हाल covid 19 बाट संक्रमितहरुको संख्या ४ जना पुरुष र एक जना महिला ( माइती घर देवचुली रहेको समेत ) गरि जम्मा ५ जना रहेको छ |देवचुली नगरपालिका नगरबासीको स्वास्थ्य प्रति सम्बेदनशील छ | देवचुली नगरपालिका उहाँ हरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ | यस संकटको घडीमा संयमित भइ सरकारले जारि गरेको लकडाउन को पूर्ण पालना गरि Covid 19 को सम्भावित संक्रमण रोकथाम तथा नियन्त्रणमा सहयोग गर्नुहुन सम्पूर्ण नगरवासीमा अनुरोध गरिन्छ |

.........................
०७७/०२/१६

क्या. डिल बहादुर खत्री
नगर प्रवक्ता